# गुर्भाकोट नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि,२०८०

## प्रस्तावना

गुर्भाकोट नगरपालिकाले फोहरमैलालाई श्रोतमा न्यूनीकरण , पुन:प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैला बाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कमगरी स्वच्छ तथा स्वस्थ वातावरण मा बाँच्न पाउने नेपालको सबिधानले दिए को अधिकार प्रत्याभुत गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अतिसंवेदनशील र अत्यावश्यक सेवालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१, २२६ र स्थानीय सरकार सञ्चालन ऐन–२०७४ को दफा १०२ बमोजिम गुर्भाकोट नगर कार्यपालिकाको स्वीकृतिले यो फोहरमैला व्यवस्थापन कार्यविधि–२०८० बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम "फोहोरमैला व्यवस्थापन कार्यविधि,२०८०" रहेको छ।

ख. गुर्भाकोट नगरपालिका कार्यपालिकाले स्विकृत गरेको मिति देखी लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क.'फोहरमैला' भन्नाले घरेलु फोहरमैला , औद्योगिक फोहरमैला , रासायनिक फोहरमैला , स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हु न नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका , तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर , पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ।

ख. “औद्योगिक फोहरमैला” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदुषण युक्त फोहरमैला सम्झनु पर्दछ।

ग. “हानिकारक फोहरमैला” भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने , मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्काशित वस्तु , पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ।

घ. “स्वास्थ्य संस्थाजन्य फोहरमैला” भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु–स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ।

ङ “रासायनिक फोहरमैला” भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव , जन्तु एवं वातावरणमा प्रतिकुल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ।

च. “न्यूनीकरण” भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण , आकार वा प्रभावमा कमगर्ने कार्य सम्झनु पर्छ।

छ. “निष्कासन” भन्नाले फोहरमैला उत्पादन स्थलबाट स्थानीय निकायले तोकेका स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ।

ज. “संकलन केन्द्र” भन्नाले घर घरबाट निस्केको फोहरमैला संकलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न स्थानीय निकायले तोकेको स्थान सम्झनुपर्छ र सो शब्दले घरघरमा फोहरमैला संकलन गर्न आउने स्थानीय निकायले तोकेको फोहरमैला संकलन वा फोहरमैला संकलन गने साधन समेतलाई जनाउनेछ।

झ. “कन्टेनर” भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने, भाँडो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्दछ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ।

ञ. "ढुवानी" भन्नाले संकलित फोहरमैला उत्पादन स्थलबाट संकलन केन्द्र र संकलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा स्थानीय निकायले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ।

ट. "स्थानान्तरण केन्द्र" भन्नाले संकलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल्ड साइट) मा लैजानु अघि फोहरमैला संकलनको लागि स्थानीय निकायले तोकेको स्थान सम्झनु पर्छ।

ठ. "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तुतयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्दछ।

ड. "प्रशोधन स्थल" भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ।

ढ. "पुनःचक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्धारा संकलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपायेगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ।

ण. "विर्सजन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनुपर्दछ।

त. "फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल्ड साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि स्थानीय निकायले तोकेको स्थल सम्झनु पर्छ।

थ. "प्रदुषण" भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपभोगी प्रयोजनमा हानी नोक्सानी पुर्याउने क्रियाकलाप सम्झनु पर्छ।

द. "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समुह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ।

## परिच्छेद–२

## फोहोरमैला उत्पादन,संकलन,न्युनिकरण तथा निष्कासन सम्बन्धी व्यवस्था

**३. फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको मुख्य जिम्मेवारी रहने**

क. फोहोरमैला व्यवस्थापनका निम्ति फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहोरमैलाको संकलन , अन्तिम विर्सजन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ।

ख. फोहोरमैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रबन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने अधिकार नगरपालिकाको हुनेछ।

ग. हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

घ. कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला , स्वास्थ्य संस्थाजन्य फोहोरमैला , रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

**४. फोहोरमैलाको उत्पादन कम गर्ने**

क. कुनै ब्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पादन हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ।

ख. आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुन:प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक ब्यक्ति , संस्था वा निकायको कर्तब्य हुनेछ।

**५. फोहोरमैलाको पृथकीकरण**

क. नगरपालिकाले फोहोरमैलालाई जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्टाउने गरी तोक्नु पर्नेछ।

ख. नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुट्टाई संकलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने ब्यक्ति , संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसमान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

**६. फोहोरमैलाको निष्कासन**

क. फोहरमैला निष्काशनको समय , स्थान र तरिका फोहरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

ख. हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति , संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

ग. हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन।

घ. संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा निष्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्वन्धित उत्सर्जन कर्ताको हुनेछ तर उत्सर्जन कर्ताले वडाको फोहर संकलन गर्ने नीजि क्षेत्र वा नगरपालिकालाई तोकिए वमोजिमको शुल्क वुझाई सेवा लिन सक्नेछ।

ङ सडक एवं फुटपाथमा निर्माण सामाग्रि राख्दा नगरपालिका ले तोकिए वमोजिमको शुल्क अग्रिम बुझाई तोकिए वमाजिमको समय सम्म वडा समितिको कार्यालयको अनुमति लिई राख्न सक्नेछ।

च. नगरपालिका भित्र जथाभावी वर्कसप खोल्ने कार्यलाई निरुत्साहीत गर्दै फोहरमैला व्यवस्थापन समतिसँग अनुमति लिएर मात्र उचित ढंगबाट फोहर व्यवस्थापनको सूनिश्चितता गर्दे वर्क सप संचालन गर्ने व्यवस्था मिलाईनेछ, वडाले तोकेको स्थानमा वर्कसप संचालन गर्दा वर्कसपको फोहर कालो पानी एवं अन्य फोहरलाई नालामा नपठाई छुट्टै सोक्ता वनाई विर्सजन गर्नु पर्नेछ।

छ. नयाँ बन्ने घरको भान्सा र वाथरुमको पानी संभव भए सम्म घर कम्पाउड भित्र सोक्ता बनाई व्यवस्थापन गर्न घरधनिलाई प्रेरित गर्ने घर कम्पाउण्ड भित्र व्यवस्थापन गर्न सम्भव नभएको भनि वडा कार्यालयले सिफारिस गरेमा पानी छानेर मात्र सतह ढल एवं नालिमा पठाउनु पर्नेछ।

**७. संकलन केन्द्र तोक्ने**

क. नगरपालिकाले फोहोरमैलालाई ब्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कन्टेनरको ब्यवस्था गर्न सक्नेछ।

ख. फोहोरमैला संकलन केन्द्र तोक्दा सकेसम्म टोल वा बस्तीका सबैलाई सहज पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नुपर्नेछ।

**८. फोहोरमैलाको ढुवानी**

क. संकलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई फोहोरमैला ब्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले ब्यवस्था गरेको संस्था वा निकायको हुनेछ।

ख. फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्ने छ।यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी तोक्नुपर्नेछ ।

ग. फोहोरमैला ढुवानी गर्दा नगरपालिकाले फोहोरमैलाको पृथकिकरण सहित स्रोतमा छुट्टाई निष्कासन तथा संकलन गरिएको फोहोरमैलाको अलग–अलग ढुवानी गर्नुपर्नेछ।

**९. फोहोरमैलाको न्युनिकरण,पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगः**

नगरपालिकाले फोहोरमैला न्युनिकरण , पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

**१०. पशु पन्छी र घरपालुवा चौपाया पालन तथा व्यवस्थापन सम्वन्धि व्यवस्था**

क. गाई भैसी, खसि बाख्रा, वोइलर कुखुराफाराम र वंगुरपालन फर्म संचालन गर्दा अनिवार्य रुपमा वडा कार्यालयको अनुमति लिनु पर्नेछ । यस्ता प्रकारका व्यवसाय संचालन गर्नु पूर्व छरछिमेकको सहमति समेत अनिवार्य हुनुपर्ने । अनुमति लिई उल्लेखित पशु चौपाया र पन्छी पालन गर्नेले समेत सोको फोहर निश्कासन र व्यवस्थापन छरछिमेकलाई असर नपर्ने गरि नगरपालिकाले तोके

वमोजिमको मापदण्ड वमोजिम गर्नुपर्ने छ। पशु चौपाया र पन्छीलाई सार्वजनिक बाटोमा बाध्न तथा छाड्न पाइने छैन।

ख. वडा भित्र फेला परेका लावारीस मृत पशु पन्छीलाई वडाको फोहर ढुवानी साधनले ल्याण्डफिल साइटमा लगि उचित ढंगवाट विर्सजनको व्यवस्था मिलाउनु पर्नेछ । पशु धनि पहिचान भएमा मृत पशु लाई सम्वन्धित धनिले घर परिसरमा नै खाल्डो खनि व्यवस्थापन गर्न वडा कार्यालयले लगाउने छ तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा नगरपालिकाले तोके वमोजिमको सेवा शुल्क वुझाई व्यवस्थापन गर्नु पर्नेछ।साना पशु पन्छिलाई वडा समितिको अनुमतिमा वार्ड भित्रका खाली ठाँउमा खाल्डो खनि व्यवस्थापन गर्न सकिनेछ।

ग. नगरपालिका भित्र मासु व्यवसाय सञ्चालन गर्ने व्यवसायीले निर्धारित गरिएको बधशालामा नै चौपायाको बध गरि व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

**११. शौचालयको दिसा एवं लेदो व्यवस्थापन**

क. शौचालय निर्माण कर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा सोक्ता टयांकी बनाउन सक्नेछ तर जमिनको पानीको लेवल माथि भएको अथवा जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेफ्टीक टयांकी होल्डीङ टयांक वा सेफ्टीक टयांक वनाउनु पर्नेछ । शौचालयको पानीलाई सतह ढलमा पठाउन पाइने छैन । यस प्रकारको कार्य गर्नेलाई दफा २७ को उपदफा (ख) मा तोकिए वमोजिमको जरिवाना हुनेछ।

ख.शौचालयको लेदो फाल्ने व्यक्ति वा फर्मको सम्पर्क नम्वर प्रत्येक टोल संस्थालाई जानकारी वडा कार्यालयले गराउनेछ र टोल संस्थाले आफ्ना सदस्यहरुलाई जानकारी गराई टयांकी भरिनु पूर्व नै सम्वन्धित सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

ग. नगरपालिकाको कार्यालयले नीजि क्षेत्रको सहकार्यमा सक्सन टयांकर प्रवन्ध गरि सेवा प्रवाह गर्न सक्नेछ।

घ. सक्सन टयांकर सेवा दिने सबै सेवा प्रदायकहरुले सेवा प्रदानका लागि नगरपालिकामा सूचिकृत हुनुपर्नेछ।

## परिच्छेद – ३
## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**१२. फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्थानिम्नानुसार हुनेछ**

क. नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विर्सजन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधिनमा रही फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्न सक्नेछ।

ख. फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाकोजग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नदेखिएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी वा अन्य संघसस्था वा निकायसँग आपसी सहमतिमा व्यवस्थापन स्थल तोक्न सक्नेछ।

ग. फोहोरमैला व्यवस्थापन स्थल तोक्नका लागि जग्गाको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

घ. नगरपालिकाले अर्को  कुनै एक वा सोभन्दा बढी स्थानीय तह समेतले संयुक्त रुपमा एउटै फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तह बीच आवश्यक समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र सर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ।

ङ. नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ।

च. नगरपालिकाको फोहोरमैला ब्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ।

छ. नगरपालिकाले संवेदनशिल क्षेत्रमा पशुपन्छी , जीवजन्तु तथा मानवकोअनाधिकृत प्रयोगलाई रोक लगाउने, माटो, ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातारण संरक्षण र त्यस्तो क्षेत्रको उचित ब्यवस्थापनका लागि उचित निर्देशन तथा निर्देशिका जारी गरी लागु गर्न सक्नेछ।

ज.नगरपालिकाको कार्यालयबाट अनुमति नलिई कुनै पनि व्यक्ति, संस्था वा निकाय फोहोरमैला व्यवस्थापन स्थलमा प्रवेश गर्न वा फोहोरमैला बिसर्जन गर्न सक्ने छैन। अनुमति नलिई फोहोरमैला व्यवस्थापन स्थलमा प्रवेश गरेको पाईएमा वा पुष्टी भएमा प्रत्येक पटकको रु. १,०००।– जरिवाना गरिनेछ।

## परिच्छेद–४

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**१३. अनुमति सम्बन्धी व्यवस्था**

क. यस कार्यविधि बमोजिम नगरपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन।

ख. फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछः–

(१) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(२) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(३) तोकिए बमोजिमको अन्य विवरण।

ग.उपदफा (ख) बमोजिम पर्न आएको निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ।

घ. फोहरमैलाको व्यवस्थापन, पुनःचक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तारान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृत लिई नगरपालिकाले उपदफा (ग) बमोजिम अनुमतिपत्र दिन सक्नेछ । नेपाल सरकारको स्विकृति लिंदा प्रदेश सरकार मार्फत लिईनेछ।

ङ. अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१४. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने**

क. नगरपालिकाले आवश्यकता अनुसार दफा १३ बमोजिम अनुमतिप्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी तोकिएका शर्तहरुको आधारमा आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ।

ख. उपदफा (क) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछ :–

(१) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(२) फोहरमैला सङ्कलन,

(३) फोहरमैला ढुवानी,

(४) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(५) फोहरमैला विसर्जन ।

**१५. प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने**

क. नगरपालिकाले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने कार्यजिम्मा दिनेछ।

ख. उपदफा (क) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गरिनेछः–

(१) नगरपालिकालाई बुझाउन कबुल गरेको रकम,

(२) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गरिक मल उत्पादन गर्ने क्षमता , पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(३) आर्थिक तथा प्राविधिक क्षमता,

(४) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(५) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(६) फोहरमैलाको प्रयोग , प्रशोधन वा पुनःप्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी।

ग. बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

घ. उपदफा (क) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी , संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ।

(ङ) फोहोरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ।

**१६. फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने**

क. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल , प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति मागगरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

ख.उपदफा(क)बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन नगरपालिकाले गर्नेछ।

ग. उपदफा (ख) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सकिनेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगरपालिकाले रद्द गर्न सक्नेछ।

**१७. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने**

क. नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र , सामुदायिक एवं गैरसरकारी संघ , संस्थासँगको साझेदारीमा फोहरमैला संकलन तथा व्यवस्थापनका कार्यहरु गर्न सक्नेछ।

ख. उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी सस्था , संघसँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि , फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्यहरु गर्न वा गराउन सकिनेछ।

## परिच्छेद – ५

## फोहरमैला निर्देशक तथा व्यवस्थापन समिति

**१८. फोहरमैला व्यवस्थापन सम्वन्धि निर्देशक र व्यवस्थापन समितिको गठनः–**

क. नगरको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक निर्देशन एवं सहजीकरण गर्न नगरपालिकामा देहायनुसारको निर्देशक समिति गठन गरिनेछ।

(१) नगर कार्यपालिका प्रमुख –अध्यक्ष

(२) नगर कार्यपालिका उप प्रमुख –उपाध्यक्ष

(३) प्रमुख प्रशासकिय अधिकृत –सदस्य

(४) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक –सदस्य

(५) वडा अध्यक्ष (सम्वन्धित वडाको वडा अध्यक्ष) –सदस्य

(६) बातावरण क्षेत्रका अनुभवी प्रवुद्ध व्यक्ति वा सरसफाई अभियान्ता मध्ये कार्यपालिका प्रमुखले तोकेको व्यक्ती –सदस्य

(७) उद्योग वाणीज्य संघको अध्यक्षले तोकेको प्रतिनिधि वा विषयगत संयोजक –सदस्य

(८) प्रहरी चौकी कार्यालयको प्रमुख –सदस्य

(९) इलाका प्रशासन कार्यालय अधिकृत प्रतिनिधि –सदस्य

(१०) पूर्वाधार विकास शाखा प्रमुख –सदस्य

(११) स्वास्थ्य शाखा प्रमुख –सदस्य

(१२) फोहरमैला व्यवस्थापन हेर्ने विषयत शाखा अधिकृत –सदस्य सचिव

ख. वडाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक व्यवस्थापन एवं नियमन गर्न वडास्तरमा देहायनुसारको फोहर मैला व्यवस्थापन समिति गठन गरिनेछ।

(१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य –संयोजक

(२) वडा समितिले तोकेको १ जना वडा सदस्य –सदस्य

(३) स्वास्थ्य क्षेत्रको अनुभवी प्रवुद्ध व्यक्ति मध्ये कार्यपालिका प्रमुखले तोकेको १ महिला र पुरुष गरि २ जना –सदस्य

(४) वडा समितिले तोकेको समाजसेवि वुद्धिजिवि वा सरसफाई अभियन्ता मध्येवाट १ जना – सदस्य

(५) वडा समितिले तोकेको स्थानिय व्यापारी प्रतिनिधि प्रतिनिधि १ जना –सदस्य

(६) वडाको सरसफाई कार्यमा संलग्न नीजि क्षेत्रको प्रतिनिधि १ जना–सदस्य

(७) नगरकार्यपालिका कार्यालयको सरसफाई उपशाखा प्रमुख वा सरसफाई निरिक्षक –सदस्य

(८) वडा सचिव –सदस्य सचिव

**१९.फोहरमैला व्यवस्थापन सम्वन्धि निर्देशक र व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारः**

क. फोहरमैला व्यवस्थापन कार्यका लागि आवधिक तथा बार्षिक योजनाहरु तर्जुमा , कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने।

ख. फोहरमैला व्यवस्थापन कार्यका लागि चेतनामूलक कार्यक्रम तथा तालिमहरु संचालन गर्ने।

ग. वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने।

घ. नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाई युक्त क्षेत्र बनाउन पहल गर्ने।

ङ. फोहरलाई श्रोतमै तथा व्यवस्थापन केन्द्रमा समेत वर्गीकरण गर्ने व्यवस्था मिलाउने।

च. वर्गीकृत फोहर मध्ये अग्र्यानिक फोहरबाट कम्पोष्ट मल , प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य फोहरलाई 3R(Reduce, Reuse and Recycle)को अवधारणा अनुसार व्यवस्थापन गर्ने।

छ. फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिल्डकमो अवधारणा अनुसार कार्य गर्ने।

ज. ल्याण्डफिल्ड साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क , उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल्ड साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

झ. फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु , निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक कार्य गर्ने।

ञ. ल्याण्डफिल्ड साइट लगायतका क्षेत्रहरुको सरसफाईमा विशेष ध्यान दिने।

ट. फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने।

ठ. ल्याण्डफिल्ड साइटको प्रभावित क्षेत्र पहिचान गरी त्यहाँका बासिन्दाहरुको लागि विशेष कार्यक्रम संचालन गर्ने।

ड. ल्याण्डफिल्ड साइटलाई प्रदुषण शुन्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने।

ढ. जैविक फोहरबाट कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने।

ण. फोहर व्यवस्थापनलाई पर्यटन प्रबर्दनको माध्यम बनाउन आवश्यक कार्यहरु गर्ने।

त. सोझै ल्याण्डफिल्डसम्म ल्याउन कठिनाई हुने र लागत बढी हुने भएमा फोहरको अस्थायी व्यवस्थापनका लागि ट्रान्सफर स्टेसनको व्यवस्था गर्ने।

थ. फोहरबाट बायोग्याँस जस्ता बैकल्पिक उर्जा उत्पादन गर्ने तर्फ आवश्यक पहल र व्यवस्था गर्ने।

द. फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिकरणका लागि आवश्यक व्यवस्था मिलाउने।

ध. फोहर संकलन र व्यवस्थापनको प्रभाव क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने।

न. फोहरमैला व्यवस्थापनमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्ने।

प. फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन बिषयगत समितिको गठन गर्ने।

**२०. समितिको बैठक सम्बन्धी व्यवस्था**

क. समितिको बैठक ३ महिनामा कम्तिमा १ पटक समितिका अध्यक्षले तोकेको मिति , समय र स्थानमा बस्नेछ।

ख. समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

ग. सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ।

घ. बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछन्।

ङ समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

च. समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

छ. बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–६

## प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

### २१. प्रदूषण नियन्त्रणः

क. आफ्नो क्षेत्रभित्र सङ्कलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासम्भव कमगरी प्रदूषणरहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व नगरपालिका वा दफा १५ वमोजिम व्यवस्थापनको जिम्मेवारी पाएको व्यक्ति संस्था वा निकायको हुनेछ।

ख. नगरपालिकाले सङ्कलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस कार्यविधि बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ।

### २२. फोहरमैला व्यवस्थापनको अनुगमनः

क. नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्ने गराउनेछ।

ख. उपदफा (क) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि नगरपालिकाले आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ।

ग.उपदफा (क) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात्सोको प्रतिवेदन नगरपालिका समक्ष दिनु पर्नेछ।

घ.उपदफा (ग) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाले आवश्यक व्यवस्था गर्नेछ।

ङ नगरपालिकाले फोहरमैला व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यमा प्राविधिक सहयोगको लागि आवश्यक ठानेमा विज्ञ प्राविधिक झिकाई आवश्यक सहयोग लिन सक्नेछ।

**२३. फोहरमैला व्यवस्थापन स्थलको आर्थिक , सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः**

क. नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक , सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ।

ख. उपदफा (क) को प्रयोजनको लागि नगरपालिकाले मूलतः देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछः–

(१) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण,

(२) विद्यालयर स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(३) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम।

ग. नगरपालिकाले सम्बन्धित समुदायसँग परामर्श गरी उपदफा ( क) बमोजिम योजना तर्जुमा वा उपदफा (ख) बमोजिम कार्यक्रमको छनौट गर्नेछ।

घ. यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय समुदायको सहभागिता रहने गरी गर्नेछ।

## परिच्छेद– ७

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**२४. सेवा शुल्क उठाउन सक्ने**

क. नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित ब्यक्ति , संस्था वा निकायबाट तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ।

ख. यस कार्यविधि बमोजिम निर्धारण गरिएको शुल्क नगरपालिकाले वा तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ।

ग. फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सम्झौता बमोजिम फोहोरमैला ब्यवस्थापन गरेवापत सम्बन्धित ब्यक्ति , संस्था वा निकायबाट सेवा शुल्क लिन सक्नेछ।

घ. फोहोरमैला व्यवस्थापनबाट प्राप्त हुने आम्दानी नगरपालिकाले छुट्टै कोषमा जम्मा गर्नेछ । उक्त रकम फोहोरमैला व्यवस्थापन , वातावरणीय संरक्षण तथा फोहोरमैला ब्यवस्थापन स्थलको विकासमा खर्च गर्न प्राथमिकता दिनुपर्नेछ।

ङ निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन हुने भएमा त्यस्तो निजी क्षेत्रले नगर सभा वा नगर सभाबाट प्राप्त अख्तियारी बमोजिम नगर कार्यपालिकाबाट तोकिए बमोजिम शुल्क उठाउन सक्नेछ । त्यस्तो शुल्क वापत प्राप्त हुन आएको आम्दानी वितरण र लागत साझेदारी प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**२५. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने**

क. गुर्भाकोट नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बनवा अन्त्य गर्न सक्नेछ।

ख. फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति , संस्था वा निकायले निर्धारित सेवा शुल्क नबुझाउने सेवाग्राहीकोफोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गुर्भाकोट नगरपालिकालाई दिनु पर्नेछ।

ग.सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धितघरधनी आफैले गर्नु पर्नेछ।

घ.सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद–८

## कसूर तथा सजाय

**२६. कसूरःकसैले देहायको कुनै काम गरेमा यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ**

क. नगरपालिका द्वारा तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

ख. कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

ग. फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने , क्षति पुयाउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुयाउने,

घ. यस कार्यविधि बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

ङ. यस कार्यविधि बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुपतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

च. फोहरमैला सङ्कलक केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

छ. घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने , फाल्ने वा थुपार्ने,

ज. फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,नगरपालिकाले फोहरमैला न्युनिकरण गर्न तथा नगर सफा गर्नको लागि प्रवाह गरेको सुचनाको वेवास्ता गरी सडक पेटी तथा नालीमा फोहर फाल्ने , सेफ्टी टंकी नालीमा मिसाउने, वा कुनै सार्वजनिक स्थल नदी खोलामा मिसाउने ,

झ. सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

ञ. नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला जथाभावी फाल्ने , राख्ने वा निष्काशन गर्ने वा गराउने,

ट. रासायनिक फोहरमैला , औद्योगिक फोहरमैला , स्वस्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ठ. औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ड. फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

ढ. फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

ण. फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

त. दफा ३ १ विपरित रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

थ. स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी दफा ५ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

द. मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदी सार्वजनिक स्थल सडक, गल्ली चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

**२७. सजायः**

क. दफा २ ६ को उपदफा (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर दुई पटक वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल गर्न सक्नेछ।

ख. दफा २ ६ को उपदफा (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

ग. दफा २ ६ को उपदफा (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ।

घ. दफा २ ६ को  उपदफा (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचार हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

ङ. दफा २ ६ को उपदफा (च) बमोजिमको कसूर गर्नेलाई नगरपपालीकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ।

च. दफा २ ६ को उपदफा (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

छ. दफा २ ६ को  उपदफा (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

झ.  दफा २६ को उपदफा (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिले पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून कमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

ञ.  दफा २ ६ को उपदफा (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

ट. दफा २ ६ को  उपदफा (ण) बमोजिमको कसूर गर्नेलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

ठ. दफा २ ६ को  उपदफा (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगरपालिकाले प्रत्येकपटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ।

**२८. सेवा सुविधा रोक्का गर्न सकिने**

क. यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का

गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ

ख. उपदफा ( क) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**२९. पुनरावेदन दिन सक्ने**

दफा २७ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद–९

## विविधः

**३०. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापनः**

क. नगरपालिका क्षेत्र भित्र संचालनमा आएका सरकारी तथा नीजि अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे नगरेको अनुगमन गरि सुरक्षित व्यवस्थापन गरेको नपाइएमा आवश्यक कार्वाहीको प्रक्रिया अगाडि वढाउन सक्ने छ।

ख. नगरपालिकाले स्वास्थ्य संस्थाहरुले संस्था चलाउँदा सरसफाइको लागि पालन गर्नु पर्ने विशेष शर्त र मापदण्ड समेत तोकिदिन सक्नेछ।

**३१. रासायनिक विषादी सम्बन्धी व्यवस्था**

क. रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।

ख. समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

**३२. फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक क्षेत्रका निकायका अभिलेख राख्ने**

क. नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक क्षेत्रको अद्यावधिक विवरण राख्न सक्नेछ।

ख. उपदफा (क) बमोजिम राखिने विवरणमा त्यस्तो क्षेत्रले काम गरिरहेको क्षेत्र र प्रकृति , जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा नगरपालिकाले ताकेको अन्य विवरण समेत उल्लेख गरिने छ।

**३३. अधिकार प्रत्यायोजन**

नीतिगत विषयमा निर्णय गर्नु पर्ने बाहेक नगरपालिकाले आफुलाईप्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३४. पुरस्कार दिन सकिने**

क. नगर सफा पार्नको लागी फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने , त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

ख. यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने , थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ।

**३५. नियम तथा मापदण्ड जारी गर्न सक्ने**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

**३६. प्रचलित कानुन बमोजिम हुनेः**

फोहरमैला व्यवस्थापन संबन्धि बिषयमा यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा यसै कार्यविधिमा बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।